# 'गोलार्द्धका दुई छेउ' एकाङ्कीमा संवाद विश्लेषण

**ऋषिराम खतिवडा**

khatiwadarishiram@gmail.com

**लेखसार**

*प्रस्तुत लेखमा 'गोलार्द्धका दुई छेउ' एकाङ्कीमा संवाद रचनामा केन्द्रित रहेको छ । एकाङ्कीकार गोपाल पराजुलीद्वारा लेखिएको यस नाटकमा समावेश गरिएका संवादको अवयवलाई आधार बनाएर विश्लेषण गरिएको छ । यसका लागि निर्धारित अंशको अर्थापनका लागि सघन पाठ विश्लेषण विधिअनुसार सन्दर्भपरक अध्ययन विश्लेषण गरिएको छ । यसरी स्थापित सिद्धान्तका आधारमा विश्लेषण गरिएको हुनाले यो गुणात्मक प्रकृतिको रहेको छ । यसमा पुस्तकालयीय कार्यको आधारमा प्राथमिक र द्वितीयक स्रोतका सामग्री विश्लेषण गरिएको छ । यहाँ प्रचलित सिद्धान्तलाई आत्मसाथ गर्दै उदाहरण दिइ पुष्टि गरेको हुनाले निगमनात्मक विधिको प्रयोग गरिएको छ । विवेच्य नाटकमा प्रस्तुत संवादलाई मूल प्राज्ञिक समस्या बनाएर त्यसको समाधान खोज्नको लागि पराजुलीको 'गोलार्द्धका दुई छेउ' एकाङ्कीको मुख्य मुख्य संवादलाई प्रयोग गरिएको छ । यस्ता संवादलाई पारस्परिक सम्झौता, आलोपालो, घुम्ती, मौनता, समान जग, सहगामी युग्म र विषय व्यवस्थापन आदिको आधारमा विश्लेषण गरिएको छ । यसकै आधारमा संवाद रचनाको बारेमा निष्कर्ष निकाल्न सकिन्छ ।*

**शब्दकुञ्जी** : घुम्ती, समान जग, सहगामी युग्म, विषय व्यवस्थापन र अन्तराल ।

## १. विषय परिचय

एकाङ्कीकार गोपाल पराजुली (२००४) एक बहुप्रतिभा भएको व्यक्ति हुन् । उनको गोलार्द्धका दुई छेउ (२०३७) एकाङ्की, सडकपछि सडक (२०४६) नाटक, पृथिवीमाथि आलेख (२०४६) कविता सङ्ग्रह, दिशाहीन आकाश (२०५०) कथा सङ्ग्रह, अर्को दिशा (२०५४) कथा सङ्ग्रह, देशमाथि आलेख (२०५५) कविता सङ्ग्रह, शब्द शताब्दी (२०५७) कविता सङ्ग्रह, समयको प्रस्थान (२०५८) कविता सङ्ग्रह, नयाँ ईश्वरको घोषणा (२०६०) कविता सङ्ग्रह, समानान्तर सडक (२०६३) नाटक, अर्को विश्वको प्रस्ताव ( २०६९) कविता सङ्ग्रह, शताब्दीको एउटा पत्र (२०६९) कविता सङ्ग्रह आदि कृतिहरू प्रकाशन भएका छन् ।

प्रस्तुत लेखको लागि गोपाल पराजुलीको 'गोलार्द्धका दुई छे' एकाङ्कीलाई लिइएको छ । यस एकाङ्कीको केही अशं राख्दै त्यसको आधारमा संवाद संरचनाको विवेचना गरिएको छ । 'गोलार्द्धको दुई छेउ' एकाङ्की संवादात्मक नाटक हो । यसमा कथावस्तु र चरित्रलाई पन्छाएर संवादलाई नै एकाङ्कीले मूल कथ्य बनाएको छ । यस नाटकमा लोग्नेमान्छे (सिपाही) र आइमाईको बिचमा भएको संवादलाई नै यस एकाङ्कीले साङ्ख्य दर्शनको प्रकृति र पुरुषको तादात्म्य हुन नसकेको कुरालाई देखाइएको छ । विश्वमा भएको अशान्ति, डर, आशङ्का र युद्धले गर्दा शान्तिको खोजी गरिएको छ । यसै कुरालाई नै यहाँ पारस्परिक सम्झौता, आलोपालो, घुम्ती, मौनता, समान जग, सहगामी युग्म र विषय व्यवस्थापन आदिको आधारमा विश्लेषण गरिन्छ ।

## २.अध्ययन विधि

प्रस्तुत लेखका निम्ति निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालय कार्यबाट गोपाल पराजुलीको 'गोलार्द्धको दुई छेउ' एकाङ्कीमा प्रयुक्त संवादहरू प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका

निम्ति विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ ।

उपर्युक्त दुबै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी गोपाल पराजुलीको 'गोलार्द्धको दुई छेउ' एकाङ्कीमा अन्तर्निहित सही आशय उद्घाटन गर्न विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ र निगमन विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

## ३.सैद्धान्तिक पर्याधार

संवाद दुई वा दुईभन्दा बढी व्यक्तिहरूका बिचको तार्किक अन्तक्रिया हो । शाब्दिक अन्तर्क्रिया वक्ता र श्रोताको सहयोगात्मक कार्य वा व्यवहारको परिणामका रूपमा रहेको हुन्छ । संवादमा श्रोताले वक्ताले भनेको कुराको अर्थ लगाउँछ, व्याख्या गर्छ र आशय ठम्याएर सोहीअनुसार आफूलाई क्रियाशील तुल्याउछ । संवादलाई पद्धति, प्रक्रिया वा सामाजिक अभिवृतिका रूपमा पनि लिने गरिएको पाइन्छ । संवाद सूचना उन्मुख, समझदारी उन्मुख र सम्झौता उन्मुख हुन्छ । संवादात्मक संकथनको अर्थ सहभागीहरूका बिचको सम्झौता र विषयवस्तुबारे उनीहरूको अभिवृत्तिगत यात्रा भन्ने हुन्छ । संवाद भनेको सूचनाको विनिमय हो जसमा सहभागीहरू गहिरो ज्ञानको तहमा रहेका हुन्छन् र उनीहरूसँग सन्दर्भको व्यापकता हुन्छ ( गौतम, २०६९ पृ.४८) । यसमा वक्ता र श्रोताका सोचाइ, विचार, भावनाका बिचमा सम्झौता हुन्छ । आफ्नो कुरा श्रोताले आशयअनुरूप बुझेको सम्झनु र त्यसैअनुरूप निरन्तर सम्पर्क हुनु संवादको न्यूनतम सर्त हो । पारस्परिक सम्झौताको पालना भएन भने संवाद दिशाहीन हुन्छ । संवादमा कम्तीमा दुई जना वा बढीको पनि आलोपालो अनिवार्य रहन्छ । एकले अभिव्यक्ति दिँदा अर्को सुन्ने र सुनेको मान्छेले प्रतिक्रिया दिँदा अर्कोले सुन्ने काम गरिन्छ । यसरी संवादको प्रयोग हुन्छ ।

सङ्कथन भनेको सिङ्गो भाषिक अभिव्यक्ति हो । सङ्कथन विश्लेषण भित्र नै संवाद रचना पर्दछ । संवाद रचना गर्दा वक्ता, श्रोता, भाषिक कोड र सन्देश आदि तत्वको आवश्यक पर्दछ (गौतम, २०७६ पृ.५७१) । यी तत्वहरूको विश्लेषण गर्ने विभिन्न आधारहरू रहेका हुन्छन् । यस अध्ययन पत्रमा संवादरचनाका संरचक अवयवहरूको आधारमा विश्लेषण गरिन्छ । संवादमा संरचक अवयवहरूका विचमा पारस्परिक सम्झौता, संवादमा आलोपालो, संवादमा अन्तराल, संवादमा घुम्ती, संवादमा सक्रियता र निष्कृयता, संवादमा विषय व्यवस्थापन, संवादमा सहगामी युग्म, संवादमा संकथन रुटिन र संवादमा विस्तार कथन (व्याक च्यानेल) आदि रहेका छन् (गौतम, २०६९ पृ.४८-५४) । यसमा संवादको संरचक अवयवका रूपमा पारस्परिक सम्झौता, संवादमा आलोपालो, संवादमा घुम्ती, संवादमा मौनता, संवादमा समान जग, संवादमा सहगामी युग्म र संवादमा विषय व्यवस्थानका आधारमा बनाएर 'गोलार्द्धको दुई छेउ' एकाङ्कीमाथि विश्लेषण गरिएको छ ।

## ४. सामग्री विश्लेषण

प्रस्तुत लेखमा गोलार्द्धका दुई छेउ एकाङ्कीमा प्रयोग भएका विभिन्न संवादलाई संवादको रचना अवयवका आधारमा विश्लेषण गरिन्छ । यसमा स्थापित सिद्धान्तका आधारमा संवादको आधारहरू पहिचान गरिन्छ ।

### ४.१ संवादमा पारस्परिक सम्झौता

दुई वा दुई भन्दा बढी व्यक्तिहरू बिचको तार्किक अन्तरर्क्रिया नै संवाद हो । संवादमा वक्ता र श्रोताको आवश्यकता रहन्छ । संवादमा श्रोताले वक्ताले भनेको कुराको अर्थ लगाउँछ, व्याख्या गर्छ र आशय ठम्याएर सोहीअनुसार आफूलाई क्रियाशिल तुल्याउँछ । अन्तरक्रियाका सर्न्दभमा वक्ताले आफ्नो आशय वा अभिप्राय राम्ररी बुझेको सम्झन्छ । उनीहरूको बिचमा निरन्तर रूपमा पारस्परिक सहयोग र समभावका

प्रयासहरू भई नै रहन्छ। यसरी सम्पर्क टुटिसकेको अवस्थामा संवादहीनताको अवस्था हो ( गौतम, २०६९ पृ.४८)। पारस्परिक सम्झौतामा वक्ता र श्रोताका सोचाइ, विचार, भावनाका बिचमा सम्झौता रहने गर्दछ।

आइमाई : (संभ्रम छे) तिमी को हौ ?
लोग्नेमान्छे : (गोडाको ब्यान्डेजलाई कस्छ) एउटा सिपाही हुँ।
आइमाई : तिमी त्यो भन्दा बढी छौ।
लोग्नेमान्छे : बढीमा एउटा अफिसरसम्म हुन सक्छु।
आइमाई : त्यो भन्दा बढी तिमी कोही हौ।
लोग्नेमान्छे : म तिम्रो युगको एउटा मान्छेभन्दा बढी अरु केही छैन। (पृ.८०)

माथिको संवादमा लोग्नेमान्छे र आइमाईका बिचमा भएको कुराकानीमा एक पछि अर्को संवाद आएको छ। जसमा आइमाईले तिमी को हौ भनेर प्रश्न गरेकी छिन्। त्यसको प्रतिउत्तरमा सिपाही हुँ भन्ने कुराको आशय आएको छ। लोग्नेमान्छेको उत्तरमा सन्तुष्टि नभेटेपछि अझ गहन प्रश्न गरेको पाइन्छ। सोही प्रश्नको उत्तरमा सम्भावित यथार्थको बारेमा प्रकाश पारेको छ। आइमाईलाई लोग्नेमान्छेको उत्तरले अझै जान्न मन लागेर बृहत्तर उत्तरको आशामा प्रश्न गरेकी हुन्छिन्। सोही प्रश्नको उत्तरमा लोग्नेमान्छेले म तिम्रो युगको मान्छे हु भन्ने आशयको अभिव्यक्ति दिन्छ। यसरी एक पछि अर्को प्रश्न र प्रतिप्रश्नको गहिराईमा गई उत्तरको अपेक्षा गरिएको छ भने उत्तरदाताले पनि स्वाभाविक रूपमा नै उत्तर दिएकोले यहाँ पारस्परिक सम्झौता रहेको देखिन्छ।

## ४.२ संवादमा आलोपालो

संवादमा आलोपालो भनेको वक्ता र श्रोताको बिच हुने अन्तर्क्रियाको अनुक्रम हो। कम्तीमा दुई आलोपालोका बिच सम्पन्न अन्तर्क्रिया नै संवादात्मक अभिव्यक्ति हो। संवादमा वक्ता र श्रोताको भूमिका परिवर्तित भइरहन्छ। एकपटक एउटा व्यक्ति वक्ता हुन्छ भने अर्को पटक ऊ श्रोता हुन्छ र श्रोताको यसपछि वक्ता हुन्छ। आलोपालोमा हुने क्रम भनेको वक्ता क, त्यसपछि वक्ता ख, त्यसपछि वक्ता ग वा वक्ता क को अवधारणा हो (गौतम, २०६९ पृ.४८)। यसरी एउटा वक्ता र अर्को श्रोता हुने र श्रोताले पुनः वक्ताको भूमिका निर्वाह गर्ने संवादात्मक स्थिति नै आलोपालो हो।

आइमाई : (फुक्छे) मैले तिमीलाई चिनिनँ। (तर फेरी मस्किन्छे)

लोग्नेमान्छे : नचिनेकै बेस।

आइमाई : तर चिन्न चाहन्छु।

लोग्नेमान्छे : त्यो पनि बेस।

आइमाई : तिमी दुरुह छौ।

लोग्नेमान्छे : मलाई च्यात।

आइमाई : तिमी चट्टान छौ। (पृ.८२)

माथि दिइएको संवादमा लोग्नेमान्छे र आइमाईबिचमा भएको कुराकानी रहेको छ। यसमा आइमाईले नचिन्ने संकेतको अभिप्राय राखेको पाइन्छ। लोग्नेमान्छेको आफ्नो पालोमा नचिनेकै बेस भनेर छोटो उत्तर दिएको छ। लोग्नेमान्छेको संवाद सुनेर आइमाईले वक्ताको रूपमा चिन्न चाहेको अभिव्यक्ति राखेको छ। त्यसको उत्तर सही तरिकाले नदिएको हुनाले घुमाउरो तरिकाले दिनको लागि तिमी दुरुह छौ भन्ने आशय राखेको पाइन्छ। संवादमा तार्किक अभिव्यक्ति भएकोले यसमा आलोपालोको गहन रूप देखिन्छ।

**४.३ संवादमा घुम्ती**

संवादमा विषयको उठान, उत्कर्ष र निष्कर्ष गरी विकाश भएको हुन्छ। त्यसैले संवादमा तीन प्रकारका घुम्ती हुने गर्दछ। यसमा प्रारम्भिक घुम्ती, प्रतिवादात्मक घुम्ती र निष्कर्षात्मक घुम्ती हुन्। वक्ताले विषयको उठान गर्ने कथन, समस्या वा प्रश्नको सुरुवात गर्ने वा संवादमा विनिमयको स्थितिमा आउने घुम्तीलाई प्रारम्भिक घुम्ती (IM) भनिन्छ। विषयलाई लम्ब्याउने, टिप्पणी गर्ने, नयाँ प्रश्न उठाउने वा प्रतिवाद गर्ने घुम्तीलाई प्रतिपादात्मक घुम्ती (CM) भनिन्छ। विषयको अन्त्य हुने अवस्था, जिज्ञासा शान्त हुने अवस्थालाई निष्कर्षात्मक घुम्ती (RM) भनिन्छ (गौतम, २०६९ पृ.४९)। यसरी संवादमा विभिन्न घुम्तीको प्रयोग भएको पाइन्छ।

आइमाई : तिमीले भनिसक्यौ ? IM
लोग्नेमान्छे : तिमीले सोधिएकी भए। IM CM
आइमाई : म तिमीलाई सुनिरहेछु। CM RM
लोग्नेमान्छे : तिमी मलाई पढ। CM RM
आइमाई : कुन अर्थमा ? CM IM
लोग्नेमान्छे : मानवीय अर्थमा। CM RM
आइमाई : म तिमीलाई बाचिरहेछु। पख, म तिमीलाई एउटा कुरो सोध्छु। CM RM
लोग्नेमान्छे : एउटा मात्र नसोध। CM IM
आइमाई : तिमी कतिवटा जफाव दिन तयार छौ ? CM IM
लोग्नेमान्छे : मसित अब जवाफ मात्र छन्। RM (पृ.८६)

माथिका संवादमा लोग्नेमान्छे र आइमाईका बिचमा संवाद भएको छ। यसमा आइमाईले प्रारम्भिक घुम्तीको प्रयोग गरेर प्रश्न सोधेको छ। दोस्रो संवादमा लोग्नेमान्छेले तिमीले सोधेकी भए भनेर प्रारम्भिक घुम्ती र प्रतिवादात्मक घुम्तीको प्रयोग भएको छ। तेस्रो संवादमा आइमाईले म तिमीलाई सुनिरहेको छु भनेर प्रतिवादात्मक घुम्ती र निष्कर्षात्मक घुम्ती आएको छ। चौथो संवादमा लोग्नेमान्छेले तिमी मलाई पढ भनेर प्रतिवादात्मक घुम्ती र निष्कर्षात्मक घुम्तीको प्रयोग भएको छ। पाँचौ संवादमा कुन अर्थमा भन्ने प्रश्नमा प्रतिवादात्मक घुम्ती र प्रारम्भिक घुम्तीको प्रयोग भएको छ। छैटौ संवादमा लोग्नेमान्छेको मानवीय अर्थमा भन्ने उत्तरमा प्रतिवादात्मक घुम्ती र निष्कर्षात्मक घुम्तीको प्रयोग भएको छ। सातौ संवादमा प्रतिवादात्मक घुम्ती र निष्कर्षात्मक घुम्तीको प्रयोग भएको छ। आठौं संवादमा प्रतिवादात्मक घुम्ती र प्रारम्भिक घुम्तीको प्रयोग भएको छ। नवौं संवादमा आइमाईको प्रश्नमा प्रतिवादात्मक घुम्ती र प्रारम्भिक घुम्तीको प्रयोग भएको छ। अन्त्यमा निष्कर्षात्मक घुम्तीको प्रयोग भएको छ। यसरी संवादमा विभिन्न घुम्तीको प्रयोग हुने गर्दछ। यसरी नै अन्य घुम्तीको अध्ययन गर्न सकिन्छ।

**४.४ संवादमा मौनता**

संवादमा पात्रहरूले एकअर्कालाई पालो दिँदा बिचमा आउने छोटा समय नै संवादमा मौनता हो। यसको लागि एक सेकेन्डबाट बढीमा अर्को संवाद तयार नहुन्जेलसम्मको अवधि हो। कहिलेकाहीँ वक्ताले बोलेर श्रोताले कुनै प्रतिक्रिया नजनाई पुनः वक्तालाई नै बोल्न प्रेरित गर्ने संवाद नै मौनता हो। मौनताको उदाहरण यसरी हेर्न सकिन्छ :

आइमाई : र यसरी नै तिम्रो नाम कसैले थाहा पाउन सकेन होला ?
लोग्नेमान्छे : त्यो अन्योलमा मात्र पऱ्यो होला।
आइमाइ : .......(अन्योलमा बन्छे)
लोग्नेमान्छे : तिमीले मलाई चिनिनौ ? (पृ.८३)

माथिको संवादमा आइमाईले कुनै पनि प्रतिक्रिया नजनाएकोले यहाँ मौनता रहेको पाइन्छ। आइमाई अन्योलमा पर्नु भनेको मौनताको संकेत हो। कुनै पनि क्रिया प्रतिक्रिया नदेखाएकोले यस संवादमा मौनता छाएको छ।

### ४.५ संवादमा समान जग

संवादका सहभागीहरूको समान र सक्रिय सहभागिता रहने संवादलाई समान जग भनिन्छ। आलोपालोमा निरन्तरता रहँदा र प्रारम्भिक घुम्ती वा प्रतिवादात्मक घुम्तीको प्रयोग हुँदा समान जग पाइने गर्दछ। सक्रिय समान जग र निष्क्रिय समान जग गरी दुई प्रकारको हुन्छ। सहभागीले सामान्यतया पूर्ण वाक्यात्मक संरचनाको प्रयोग गरिएको छ भने सक्रिय समाज जग हुन्छ। छोटा, एकल र अपूर्ण वाक्यको प्रयोग गरेर निष्कर्षात्मक घुम्तीको प्रयोग गरेर संवाद हुन्छ भने त्यो निष्क्रिय समान जग हो (गौतम, २०६९ पृ.५१)। यहाँ सक्रिय समान जग र निष्क्रिय समाज जगको उदाहरण यसरी हेर्न सकिन्छ।

आइमाई : तिमी के गरिरहेको छु भन्ठान्छौ ?
लोग्नेमान्छे : यात्रा समाप्त भइरहेछ भन्ठान्छु।
आइमाई : के तिमीलाई फर्कनु छैन ?
लोग्नेमान्छे : फर्कने यो मेरो यात्रा होइन। (पृ.७९)

माथि प्रयोग भएको संवादमा सक्रिय समान जगको प्रयोग भएको छ। यसमा आइमाईले प्रश्न सोधेको छ र लोग्नेमान्छेले त्यसको उत्तर दिएर समाधान गरेको छ। त्यसैले यसमा समान जगको प्रयोग भएको छ।

आइमाई : याद गर, म को हुँ।
लोग्नेमान्छे : एउटी नारी।
आइमाई : त्यति मात्र होइन।
लोग्नेमान्छे : एउटा भूतपूर्व कुमारी। (पृ.८३)
यस संवादमा अपूर्ण वाक्यको प्रयोग भएको छ। त्यस्तै निष्कर्षात्मक घुम्तीको प्रयोग गरेको हुनाले यो संवाद निष्क्रिय समान जग हो।

### ४.६ संवादमा सहगामी युग्म

संवादमा प्रयोग भएको पालोका कथनहरू कतिपय ज्यादै निकटस्थ हुन्छन् भने केही त्यति निकटस्थ हुदैनन्। ज्यादै निकटस्थ हुने संवादका आलोपालोका कथनलाई सहगामी युग्म भनिन्छ। यसमा पहिलो पहिलो युग्मका रूपमा र दोस्रो दोस्रो युग्मको रूपमा आउँछन्। दास्रो युग्मले पहिलो युग्मलाई पछ्याएको मात्र हुदैन, उपयुक्त रूपमा पछ्याएको पनि हुन्छ। पहिलो युग्मले दोस्रो युग्मको अपेक्षा गरेको हुन्छ र पछिल्लो कार्यको अपेक्षा पनि गरेको हुन्छ। यस प्रकारको संक्रमण संरचना अपेक्षित छ र दोस्रो वक्ताले त्यस्तो अपेक्षाको परिपूर्ति गर्छ भने सहगामी युग्मका रूपमा रहेको हुन्छ (गौतम, २०६९ पृ.५२)। प्रश्न र नियमित रूपमा सोही ढाँचामा उत्तर नै सहगामी युग्म हो। यसमा प्रश्न र उत्तर, अभिवादन र अभिवादन, चुनौती र प्रतिस्वीकार, माग र पूर्ति, गुनासो र स्वीकार वा अस्वीकार, निमन्त्रणा र स्वीकार जस्ता सहगामी युग्ममो प्रयोग भएको हुन्छ।

आइमाई : तिमी जाऊ !
लोग्नेमान्छे : तिमीलाई समाजको डर लाग्यो ?
आइमाई : तिमी भाग !
लोग्नेमान्छे : तिमीलाई म यहाँ आएकोमा डर लाग्यो ?

आइमाई : तिमी यहाँ किन आयौ, किन गएनौ ?
लोग्नेमान्छे : के पुरुष नारीकहाँ आउने अधिकार छैन ?
आइमाई : लोग्ने स्वास्नीकहाँ आउने अधिकार छ भिलेन अर्काकी स्वास्नीकहाँ आउने अधिकार छैन ।

(पृ.१०१)

माथि संवादमा प्रश्न र उत्तरको केही रूप हेर्न सकिन्छ । अझ यसमा गुनासो र स्वीकार अस्वीकारका बारेमा बढी आएको हुनाले यहाँ सहगामी युग्मको प्रयोग भएको छ । यसमा एउटाले भनेको संवादको कुरा अर्को वक्ताले स्वीकार प्रतिस्वीकारको रूपमा आएको छ । यसरी विभिन्न संवादमा प्रश्न र उत्तर, स्वीकार र अस्वीकार तथा चुनौती र प्रतिस्वीकारहरू आएका छन् ।

## ४.७ संवादमा विषय व्यवस्थापन

संवादमा सहभागीहरू सबैले विषय व्यवस्थापन नगर्न सक्छन् । दुवैको रुचि, इच्छा र चाहना समान रूपको नहुन सक्छ । यस अवस्थामा कुनै एक सहभागीले विषय व्यवस्थापनमा मुख्य भूमिका खेलेको हुन्छ र अर्को सहभागी चाहि नचाहि त्यसमा संलग्न भएको हुन्छ (गौतम, २०६९ पृ.५२) । विषय व्यवस्थापन गर्ने सहभागी निरन्तर रूपमा सक्रिय रहने र प्रारम्भिक, प्रतिपादात्मक र निष्कर्षात्मक घुम्तीको प्रयोग गरिरहेको हुन्छ ।

आइमाई : तिमीले मायाको नाममा धेरै कुरा माग्यौ ।
लोग्नेमान्छे : भन तिमीले के के दियौ ?
आइमाई : भन तिमीले के के मागेनौ ।
लोग्नेमान्छे : मलाई तिम्रो रूप चाहिएको थिएन ।
आइमाई : रात माग्यौ ।
लोग्नेमान्छे : मलाई तिम्रो इज्जत चाहिएको थिएन ।
आइमाई : हात माग्यौ ।
लोग्नेमान्छे : मलाई तिम्रो चरित्र चाहिएको थिएन ।
आइमाई : ओछ्यान चाहिएको थियो ।
लोग्नेमान्छे : मलाई तिम्रो सिरानी चाहिएको थिएन ।
आइमाई : सपना चाहिएको थियो ।
लोग्नेमान्छे : मलाई तिम्रो विषना चाहिएको थियो, मुटुको ढुकढुकी चाहिएको थियो । मलाई माया चाहिएको थियो । (एउटा गम्भीर हेराइ ढोकाबाट र एउटा आखाबाट हेर्छे)

आइमाई : आइमाई बोल्न खोज्छे तर पहिले यात्रु नै बोलोस् भनेर पर्खन पनि खोज्छे, तर सकिन) तिमी कसैको लोग्ने पनि त हुन सक्छौ । (पृ.८८/८९)

माथिको संवादमा लोग्नेमान्छे सिपाही हो र बास बस्नको लागि आइमाईको घरमा पुग्छ । आइमाई एक्लै हुन्छे । उसको लोग्ने जार काट्न गएको हुन्छ । यस्तो बेलामा बास दिनेकी नदिने दुविधामा आइमाई पर्छे । सिपाही लोग्नेमान्छेले मायामोह, प्रेम, सद्भावको अपेक्षा गरेको छ भने आइमाई केही पनि दिन नचाहेको कुरा प्रष्ट हुन्छ । सिपाहीको बानी र व्यवहार थाहा भएकोले यहाँ आइमाईले सिपाही रुचाउदिनन् । लोग्नेमान्छेले एकोहोरो आइमाईको स्वाभिमान, अस्तित्व र चरित्र मागिरहेको छ । आइमाईले त्यसको प्रतिकार गरिरहेकी छिन् । यस संवादमा लोग्नेमान्छे र आइमाई बिच शारीरिक सम्पर्क र देहव्यापारको विषय व्यवस्थापन रहेको पाउन सकिन्छ ।

## ५. निष्कर्ष

संवाद मूलतः दुई वा दुईभन्दा बढी सहभागीहरूको तार्किक अन्तरक्रिया हो । संवादमा वक्ता र श्रोता हुन्छन् । यसमा एउटाले प्रश्न सोध्ने र अर्कोले उत्तर दिने क्रममा संवाद पुरा हुन्छ । यसको निष्चित पद्धति र प्रक्रिया हुन्छ । संवाद हुनका लागि कम्तिमा दुईजना सहभागी आवश्यक हुन्छ । संवादमा सहभागीहरू बिच पारस्परिक रूपमा सम्झौता हुन्छ । उनीहरूकै आलोपालोमा संवाद तयार हुन्छ । संवादका क्रममा निश्चित अन्तराल पनि हुन्छ । यसलाई संवादमा मौनता भनिन्छ । मौनताले समयलाई जनाउदछ । संवादमा लामो मौनता हुनु राम्रो मानिदैन । संवादमा तीन मुख्य घम्ती हुन्छन्, ति प्रारम्भिक घुम्ती() र प्रतिवादात्मक घुम्ती () र निष्कर्षात्मक घुम्ती () हुन् । यस्ता घुम्तीका विभिन्न अवस्थाहरू पार गर्दै संवादात्मक कथन अगाडि बढ्छ । संवादको व्यवस्थापनको लागि संवादको सहभागीहरू समान रूपमा सक्रिय हुन पनि सक्छन् र नुहन पनि सक्छन् । संवादमा सहभागीहरूले सक्रिय सहभागीता जनाएका छन् कि निष्क्रिय छन् भन्ने संवादलाई हेरेर विश्लेषण गर्न सकिन्छ । संवादमा विषयको व्यवस्थापन महत्त्वपूर्ण हुन्छ । सबै सहभागीहरूले विषयलाई सही व्यवस्थापन गर्न सक्छन् भन्ने छैन । संवादमा जो सक्रिय हुन्छ उसले मात्र विषयको व्यवस्थापन सफल रूपमा गर्न सक्छ । संवादमा सहभागीहरू सक्रिय हुनको लागि सहभागीहरूका बिच समान पृष्ठभूमि र समान रुचि, बुझाई र उद्देश्य समान हुनुपर्छ । यदि समान पृष्ठभूमि र समान रुचि, बझाई र उद्देश्य समान भएन भने सहभागीमा समान जगको निर्माण हुन सक्दैन । संवादमा सहगामी युग्म पनि आएको हुन्छ । यसका लागि सहभागीले प्रयोग गरेको अभिव्यक्तिमा सामिप्यता हुनुपर्छ । सहभागीहरू बिचको यहीँ सङ्कथन सामिप्य नै सहगामी युग्म हो । संवादमा सहभागीहरूका बिचमा एक प्रकारको अभिव्यक्तिगत निरन्तरता चाहिन्छ । अभिव्यक्तिमा निरन्तरता हुन सकेन भने संवाद बिचैमा टुङ्गिन सक्छ । त्यसैले संवादमा नेतृत्व प्रदान गरी निर्ष्कषमा पुऱ्याउन जरुरी हुन्छ । संवाद विश्लेषणका क्रममा यी माथिका सबै पक्षलाई ध्यान दिनु आवश्यक हुन्छ । यस 'गोलार्द्धको दुई छेउ' एकाङ्कीमा पनि एकाङ्कीबाट लिइएका सान्दर्भिक संवादात्मक अभिव्यक्तिलाई संवादका माथि उल्लेख संरचक अवयवहरूका आधारमा विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## सन्दर्भ सामग्रीसूची


गौतम, देवीप्रसाद. (२०७६) 'संकथन विश्लेषण'. *रत्न बृहत समालोचना सैद्धान्तिक खण्ड.* (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : रत्न पुस्तक भण्डार ।

गौतम, देवीप्रसाद. (२०६९). संवाद संरचना. प्राज्ञिक संसार. १/४, पृ.४८-५४ ।

पराजुली, गोपाल. (२०४९) गोलार्द्धको दुई छेउ. *नेपाली एकाङ्की भाग २.* (सम्पा) केशवप्रसाद उपाध्याय. ललितपुर : साझा प्रकाशन ।